थबाङ गाउँपालिका

आर्थिक विधेयक, २०८२

थबाङ गाउँपालिका

थबाङ, रोल्पा

गाउँसभामा पेश मितिः २०८२।०३।१०

गाउँसभाबाट पारित मितिः २०८२।०३।२१

थबाङ गाउँपालिकाको आथिक विधेयक २०८२

थबाङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थबाङ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "आर्थिक विधेयक,२०८२" रहेको छ।

(२)यो ऐन २०८२ साल श्रावण १ गतेदेखि थबाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर**: गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिकाक्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूचि (१०) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

१२. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूचि (११) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लिखित र असूल उपर गरिनेछ ।

१४. फोहरमैला व्यवस्थापन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्न अनुसूची (१३) मा उल्लिखित दरमा फोहरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. कर छुटः १)यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

तर,

घाइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको रकम छुट दिइनेछ।

२) विगतमा तिर्न बुझाउन बाँकी कर तथा शुल्क असोज मसान्तभित्र एकमुष्ट बुझाउन आउने करदातालाई २५% कर छुट दिइनेछ।

३) उपभोक्ता समितिको हकमा समितिको अध्यक्ष महिला, दलित, अपाङ्ग भएको अवस्थामा समिति दर्ताका लागि २५% कर छुट दिइनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

सम्पत्ति कर

यस गाउँपालिकाबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४४ को उपनियम १ बमोजिमको अनुसूची १२ अनुसार एकिकृत सम्पत्ति कर सम्बन्धमा एकिकृत सम्पत्तिकर व्यवस्थापन निर्देशिका २०६१ दोस्रो संशोधन बमोजिम निर्धारण गरिएको न्यूनतम दरमा नघट्ने गरी स्वयंम कर निर्धारणको आधारमा मूल्याङ्कन गरी साविक बमोजिम एकिकृत सम्पत्तिकर लिने ।

क्र सं	विवरण	विस्तृत विवरण	दर रु प्रति वर्ष
१	पक्की घर	आर सि सि ढलान	५० प्रति तला
२	पक्की घर	माटो र ढुङ्गाले बनेको तर पलास्टर गरेको	२० प्रति तला
३	कच्ची घर	माटो र ढुङ्गाले बनेको स्लेट ढुङ्गाले छाएको	१५
४	कच्ची घर	माटो र ढुङ्गाले बनेको जस्तापाताले छाएको	१५
५	कच्ची घर	माटो र ढुङ्गाले छाएको खर वा काठको छाना भएको	१०

अनुसूची २
(दफा ३ संग सम्बन्धित)
भूमि कर (मालपोत)

यस गाउँपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम निम्नानुसार भूमिकर (मालपोत) लिने।

क्र सं	विवरण	दर रु प्रति वर्ष
१	अब्बल प्रतिरोपनी	रु ३०
२	सिम प्रतिरोपनी	रु २५
३	दोयम प्रतिरोपनी	रु २०
४	चाहर प्रतिरोपनी	रु १५

तर सोही दफा बमोजिम एकिकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन ।

अनुसूची ३
(दफा ४ संग सम्बन्धित)
घरवहाल कर

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीबाट बहाल रकमको १० प्रतिशत घर बहालकर लिने ।

क्र सं	विवरण	विस्तृत विवरण	दर रु
१	बहाल कर	कोठा वा घरभाडाको	१० प्रतिशत
घरु बहाल करका लागि विभिन्न घर ग्यारेज घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर रुपैयामा देहाय बमोजिम हुनेछ ।			
क	क श्रेणीका मुख्य बजार क्षेत्र थबाङ ठूलोगाउँ	आवास	१०००
		पसल व्यवसाय	१५००
		ठूलो घुम्ती ढेपली	१२००
		सानो घुम्ती ढेपली एक सटर वा सो भन्दा सानो आकार	१०००
		ग्यारेज/खाली जग्गा	१५००
ख	ख श्रेणीका मुख्य बजार क्षेत्र मिरुल टुटु उवा ठूलोगाउँ र अन्य स्थान	आवास	६००
		पसल व्यवसाय	१०००
		ठूलो घुम्ती ढेपली	१०००
		सानो घुम्ती ढेपली एक सटर वा सो भन्दा सानो आकार	५००
		ग्यारेज/खाली जग्गा	१०००
ग	अन्य	आवास	४००
		पसल व्यवसाय	५००
		ठूलो घुम्ती ढेपली	५००
		सानो घुम्ती ढेपली एक सटर वा सो भन्दा सानो आकार	२५०
		ग्यारेज/खाली जग्गा	५००

तर बहाल कर सोही आर्थिक वर्षमा नबुझाएको खण्डमा थप १५ प्रतिशत जरिवाना गरिनेछ ।

अनुसूची ४

(दफा ५ सँग सम्बन्धित)

व्यवसाय कर

यस गाउँपालिकामा सञ्चालन भएका व्यवसायीहरुबाट निम्नानुसार कर लिइनेछ।

सि नं	विवरण	श्रेणी वर्गिकरण		
		क रु	ख रु	ग रु
१	होटेल लज रेष्टुरेन्ट ५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई क लज मात्र भएको लजलाई ख साधारण खाना, नास्ता, लज भएकोलाई ख रेष्टुरेन्ट मात्र भएकोलाई ग १० कोठा भन्दा माथि ए सी भएको होटेल रेष्टुरेन्टको रु ५०००	३०००	२०००	१०००
२	मासु पसल ● रांगाको समेत सबै प्रकारका मासु मात्र बेच्नेलाई क ● खसी र कुखूरा बेच्नेलाई क ● रांगा बाहेक खसी बोका सहितको मासु बेच्नेलाई ख ● रांगा खसी बोका बाहेकको मासू मात्र बेच्नेलाई ग	३०००	२५००	१५००
३	मदिरा पसल ● इजाजत प्राप्त थोक मदिरा पसललाई क ● इजाजत प्राप्त खुद्रा मदिरा पसललाई ख	३०००	२०००	
४	कोल्ड ड्रिंक्स पसल	१५००		
५	सून चाँदी गहना पसल ● आफ्नै सूच चाँदी लिई बनाउने र बेच्नेलाई क ● अरुको सूनचाँदी लिई बनाउने ख	५०००	३०००	
६	घडि, रेडियो, मोबाइल, टेलिभिजन विक्री तथा मर्मत	२०००		
७	संचार सेवा	१०००		
९	केवल टि भि सेवा	१५००		
१०	फोटो स्टुडियो	१०००	५००	

	• कलर ल्याबलाई क • फोटो स्टुडियोलाई ख			
११	हेयर कटिङ	५००		
१२	टेलरिङ • आफ्नै कपडा सिलाई तयार बनाई बेच्ने, मर्मत गर्ने, गार्मेन्ट क • सिलाई र मर्मत गर्ने ख	१०००	२००	
१३	जुत्ता पसल • जुत्ता सिलाई र बेच्नेलाई क • जुत्ता मर्मत मात्र गर्नेलाई ख	२०००	५००	
१४	मोटर वर्कशप • गाडीको वडी बनाउने तथा मर्मत गर्ने क • मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने क • मोटरसाइकल मात्र मर्मत गर्नेलाई ख • सम्पूर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई क • सम्पूर्ण सवारी साधन मर्मत गर्नेलाई ख • गाडीहरु मर्मत र पार्टस बेच्नेलाई ख • गाडी मर्मत मात्र गर्नेलाई ग • मोटरसाइकल मर्मत र पार्टस बेच्नेलाई ख • मोटरसाइकल मर्मत मात्र गर्नेलाई ग	३०००	२०००	१५००
१५	छापाखाना • अफसेट प्रेसलाई क • साधारण प्रेसलाई ख	३०००	१५००	
१६	स्वास्थ्य सेवा • अस्पताललाई क • पोली क्लिनिक ख • थोक मेडिकल ख • मेडिकल ग	१००००	१००००	५०००
१७	मेटल वर्कशप (ग्रिल उद्योग)	२५००		
१८	काष्ठ उद्योग	२५००	१५००	

	• काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदी बनाउनेलाई क • कुनै एक मात्र बनाउनेलाई ख • खरिद तथा बिक्री गर्नेलाई ख			
१९	इट्टा भट्टा र इट्टा डिपो • इट्टा भट्टालाई क • इट्टा डिपो वा इन्टरलक व्लकलाई ख	२५००	१०००	
२०	कम्प्युटर इन्स्टिच्युट	१०००		
२१	दाउरा डिपो	१५००		
२२	पान पसल	१०००		
२३	बेकरी उद्योग र बेकरी पसल • उद्योगलाई क • पसललाई ख	१५००	१०००	
२४	तरकारी र फलफूल पसल	५००		
२५	चिया पसल	५००		
२६	मिलहरु • १० हर्ज वापर भन्दा माथिको क्षमताको मिललाई क • सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई ख	१०००	६००	
२७	डिलर	२५००		
२८	साइकल भाडा तथा मर्मत	१५००		
२९	ठेकेदार • नेपाल सरकारको इजाजत प्राप्त क वर्गको ठेकेदारलाई क • नेपाल सरकारको इजाजत प्राप्त ख वर्गको ठेकेदारलाई ख • नेपाल सरकारको इजाजत प्राप्त ग वर्गको ठेकेदारलाई ग • नेपाल सरकारको इजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रु ४०००	१००००	८०००	६०००
३०	कपडा पसल	२५००		
३१	किराना पसल • थोक सहितको किराना पसललाई क • पाँच लाख भन्दा बढी लगानी भएको किराना पसललाई ख • सो भन्दा कम लगानी भएको किराना पसललाई ग	१०००	५००	२५०

३२	खाद्य पसल ● थोक सहितको खाद्य पसललाई क ● खुद्रा मात्रको खाद्य पसललाई ख	१०००	५००	
३३	भाडा पसल ● धातु तथा पलाष्टिकका भाँडा तथा सामान बेच्नेलाई क ● रोल्पा जिल्लामा उत्पादन भएको माटोको भाँडा बाहेक अन्यत्रबाट ल्याएर बिक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई ख	१०००	५००	
३४	चूरा धागो तथा श्रृङ्गार सामान पसल ● थोक सहितको पसललाई क ● पचास हजार भन्दा बढी लगानी भएको पसललाई ख ● सो भन्दा कम लगानी गर्ने पसललाई ग	८००	५००	२००
३५	कुखूरा पालन ● एक हजार भन्दा बढी कुखूरा पाल्नेलाई क ● एक हजार भन्दा कम कुखूरा पाल्नेलाई ख	२०००	१०००	
३६	हार्डवेयर पसल	५०००		
३७	इलेक्ट्रिक पसल	२५००		
३८	कानूनी फर्म तथा लेखापढी व्यवसाय	१०००		
३९	साइन बोर्ड पेन्टिङ्ग	१०००		
४०	स्टेशनरी पसल ● खेलकुदका सामग्री सहित भएकोलाई क ● स्टेशनरी मात्र भएकोलाई ख	१५००	१०००	
४१	जडीबुटी खरिद बिक्री पसल	२५००		
४२	लेखा परिक्षक	१०००		
४३	टेलिभिजन पसल	१०००		
४४	अन्य उद्योग ● २० लाख भन्दा बढी लगानी भएकोलाई क ● एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई ख ● एक लाख पचास हजार भन्दा कम लगानी भएकोलाई ग	५०००	३०००	१५००
४५	विज्ञापन सेवा वा एजेन्ट	१५००		
४६	अन्तराष्ट्रिय गैरसरकारी संस्था शाखा कार्यालय समेत	५०००		

४७	वित्तिय सेवा ● नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आथिक कारोबार गर्ने वार्णिज्य बैँक क ● वित्तीय संस्थाको शाखा कार्यालय ख ● ऋण तथा बचत सहकारी संस्था ग	१२०००	६०००	३०००
४८	नीजि स्कुल ● कक्षा १० सम्म पढाइ हुने क ● कक्षा ८ सम्म पढाइ हुने ख ● कक्षा ५ सम्म पढाइ हुने ग	८०००	६०००	४०००
४९	सिनेमा हल ● सिनेमा हललाई क ● भिडियो हललाई ख	१२०००	५०००	
५०	चश्मा पसल	१०००		
५१	सिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल	३०००		
५२	ए.सी. तथा रेफ्रिजेरेटर मर्मत पसल	१५००		
५३	दुग्ध डिपो पसल	१०००		
५४	व्यूटि पार्लर	१०००		
५५	ट्रान्सपोर्टेसन/ढवानी	२०००		
५६	टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई	८०००		
५७	म्यान पावर सेवा	५०००		
५८	क्याटेरिङ्ग सेवा	२०००		
५९	वित्तीय कारोबार बाहेक अन्य कारोबार गर्ने सहकारी संस्था ● कृषि बाहेक अन्य सहकारी क ● कृषि सहकारी ख	२०००	१०००	
६०	मार्वल टायल पसल	१२०००		
६१	सवारी साधनको शो रुम ● गाडीको शोरुम क ● मोटरसाइकलको शोरुम ख ● टैक्टर तथा अन्य मेशिनरी शोरुप ग	१५०००	१००००	८०००

६२	कृषि सामग्रीको पसल भेटनरी सम्बन्धी पसल	१०००		
६३	आइसक्रिम पसल	५००		
६४	दाना उद्योग	१०००		
६५	ब्लक उद्योग	२०००		
६६	ग्यास डिपो	२०००		
६७	कोल्ड स्टोर	१५००		
६८	ढुङ्गा सम्बन्धी उद्योग	२५००		
६९	माथि उल्लेखित भएको बाहेक स्थानीय सरकारको अधिकारभित्र पर्ने अन्य व्यवसाय, सेवा, आदिहरुमा सेवा, व्यवसायको कारोबार र स्तर हेरी न्यूनतम ५०० देखि अधिकतम १५००० सम्म कर असूली गर्ने।			

नोटः

१. यसमा डिलर, एजेन्ट, डिपो, सब डिलर आदी बाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आइटम राखि पसल वा व्यवसाय गरेको छ भने सबै आइटम मध्ये कुनै एकको मात्र कर लिइनेछ तर यसमा सबै आइटम मध्ये जुन आइटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ।

अनुसूची ५

दफा ६ सँग सम्बन्धीत

सवारी साधन कर

क) वार्षिक सवारी साधन कर निम्म अनुसार लिने।

क्र.सं	विवरण	दर
१	ठेला गाडा	२००
२	इ रिक्सा अटो रिक्सा	५००
३	घोडा खच्चड	१००
४	अन्य सवारी	३००

ख) पटके सवारीकर निम्न अनुसार लिने।

ख.१. यस गाउँपालिकामा प्रवेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४३ अनुसूची ११ को प्रकरण २ बमोजिम गाउँपालिका आफैले बनाएको सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आव २०८२।०८३ देखि देहाय अनुसार पटके सवारी कर लिन।

ख.१.१. बस, ट्रक आदीमा रु ५०।००

ख.१.२. अन्य सवारीमा रु २५।००

ख.१.३. यस गाउँपालिकामा वार्षिक कर तिरेको सवारीमा र मोटरसाइकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिइने छैन।

ग. व्यवसायको ठेगाना यस गाउँपालिकामा नरहेका व्यवसायहरुले व्यवसाय गर्न आएको खण्डमा देहाय अनुसार पटके कर लिइनेछ।

ग १. चार चक्के गाडीमा सामान बेच्न ल्याएमा पहिलो पटकलाई रु ५०००।०० दोश्रो पटकलाई रु १००००।०० र तेश्रो पटकदेखि हरेकपटक रु १५०००।००

ग २. छ चक्के गाडीमा सामान बेच्न ल्याएमा पहिलो पटकलाई रु ७०००।०० दोश्रो पटकलाई रु १४०००।०० र तेश्रो पटकदेखि हरेकपटक रु २१०००।००

ग ३. दश चक्के गाडीमा सामान बेच्न ल्याएमा पहिलो पटकलाई रु १००००।०० दोश्रो पटकलाई रु २००००।०० र तेश्रो पटकदेखि हरेक पटक रु ३००००।००

ग ४. घुमन्ते व्यवसायीहरुले सामान बेच्न ल्याएमा न्यूनतम्

१. भाडाकुडा मर्मत तथा बिक्रेता रु ५००
२. जडिबुटी बिक्रीवितरण रु २००
३. फलफुल बिक्रीवितरण रु १००
४. कपडा बिक्रता रु ५००

५. कस्मेटिक वा कपाल संकलन रु २००

यसरी ग को बुँदा बमोजिम कर लिंदा सामान पुऱ्याउन आउने व्यवसायीहरुलाई भने कर लाग्ने छैन।

नोटः- पटके कर संकलनमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थालाई संकलित रकमको २५ प्रतिशत रकम उपलब्ध गराइनेछ।

अनुसूची ६

(दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

ठेक्का प्रकृयाद्वारा विज्ञापनकर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी विज्ञापन कर लिन।

क) सववोर्ड प्रति वर्ग फिट	रु १५।००
ख) होडिंगवोर्ड प्रति वर्ग फिट	रु २५।००
ग) भित्तेलेखन सटर पेन्टिगं प्रति वर्ग फिट	रु ४०।००
घ) व्यानर प्रति हप्ता	रु ५०।००
ङ) पोलबोर्ड प्रति गोटा प्रति वर्ष	रु १५००।००
च) डिजिटल वोर्ड प्रति वर्ग फिट	रु ५०।००

अनुसूची ७

(दफा ८ सँग सम्बन्धीत)

मनोरञ्जन कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ घ को आधारमा लुम्बिनी प्रदेश सरकारले प्रकाशन गरेको प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१ को अनुसूची ३ मा तोकिए बमोजिम निम्नानुसार मनोरञ्जन कर लिने।

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

मनोरञ्जन कर

सि.नं.	विवरण	करको दर
१	चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा प्रति टिकट मूल्यको	५ प्रतिशत
२	क्यासिनो तथा मिनी क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति	रू.३००।-
३	भिडियोघर, कन्सर्ट, दोहोरी साझ, डान्सबार वा नाइट क्लब प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति	रू.२५।-
४	सांस्कृतिक प्रदर्शन हल, थियटर/नाटक घर, फनपार्क, वाटरगार्डेन, बाल उद्यान, फुटसल, जुम्वा, मसाज एवम् स्पा, जीपलाईन, केवलकार, स्काइ साइक्लिङ, बन्जिजम्प, स्वीमिङ्ग पुल वा पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकट/बिल मूल्यको	५ प्रतिशत

५. सर्कस, खेल, मेला, जादु, चटके वा विभिन्न प्रर्दशनीमा टिकट व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछः-

सि. नं.	विवरण	कार्यक्रम	जिल्लाको वर्ग अनुसार करको दर (रू.मा)		
			क वर्ग	ख वर्ग	ग वर्ग
१	सर्कस,खेल,मेला, जादु,चटके लगायत	१ दिन सम्मको	७,०००।-	४,०००।-	२,०००।-
		३ दिन सम्मको	१८,०००।-	१०,०००।-	५,०००।-
		५ दिन सम्मको	३०,०००।-	१८,०००।-	८,०००।-
		७ दिनसम्म	४२,०००।-	२५,०००।-	१२,०००।-
		८ देखि १५ दिनसम्म	७५,०००।-	४०,०००।-	२०,०००।-
		१६ देखि ३० दिन सम्म	१,००,०००।-	६०,०००।-	३०,०००।-

स्पष्टीकरणः यस प्रयोजनको लागि जिल्लाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

"क" वर्गमा पर्ने जिल्लाहरूः नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया।

"ख" वर्गमा पर्ने जिल्लाहरूः पाल्पा, गुल्मी, अर्घाखाँची र प्युठान।

"ग" वर्गमा पर्ने जिल्लाहरूः रोल्पा र रूकुम (पूर्व)।

६. तीस दिनभन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

७. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको एक प्रतिशत र डिश टि.भी.को हकमा रिचार्ज रकमको दुई प्रतिशतका दरले कर लाग्नेछ।

८. एक स्थानीय तहभन्दा बढि स्थानीय तहमा केवलकार, स्काइ साइक्लिङ लगायतका मनोरञ्जनात्क सेवा तथा क्रियाकलाप सञ्चालन भएको हकमा प्रवेश बिन्दु वा टिकटको व्यवस्था रहेको स्थानीय तहले मनोरञ्जन कर सङ्कलन गरी त्यस्ता स्थानीय तहहरुबीचमा करको रकम बाँडफाँटसम्बन्धी कुनै सम्झौता वा करार भएको हकमा सोहि बमोजिम र त्यस्तो सम्झौता वा करार नभएको हकमा साठी प्रतिशतले हुन आउने रकम त्यस्ता स्थानीय तहहरुबीचमा समान अनुपातमा बाँडफाँट गर्नुपर्नेछ र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

अनुसूची ८

(दफा ९ सँग सम्बन्धित)

पार्किङ शुल्क

पार्किङ शुल्क निम्न बमोजिम लिइनेछ।

क) गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु १०।०० प्रतिदिन र २ पाङ्ग्रे सवारी साधनमा एक पटकमा रु ५०।०० प्रतिदिनका दरले पार्किङ्ग शुल्क लिइनेछ।

अनुसूची ९

(दफा १० सँग सम्बन्धीत)

सेवा शुल्क तथा सिफारिस दस्तुर

गाउँपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन, फारम दस्तुर र सिफारिस दस्तुर लिने।

सि नं	विवरण	दस्तुर रु
१	नाता प्रमाणित	२००
२	धारा विजुली	२००
३	नाम थर आदी सच्याउने	२००
४	जग्गा मोही नामसारी जग्गा दर्ता गुठी रैकर आदी	२००
५	जग्गा खरिद बिक्रीमा घर, बाटो प्रमाणित	५००
६	कालोपत्रे मोटरबाटो भएको छ भनि गरिने सिफारिस	१०००
७	अन्य मोटरबाटो भएको छ भनि गरिने सिफारिस	५००
८	आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसाबले	वार्षिक हुन आउने रकमको ०।१ प्रतिशलका दरले]

क्र.सं.	विवरण	कर दस्तुर शुल्क रु	कैफियत
१	पक्की घर प्रति वर्गफिट	१	नक्सा प्रयोजनका लागि
२	मठ मन्दिर पाटी पौवा दैवी प्रकोप असहाय बिरामी अपागंता	नि शुल्क	
३	बकस पत्र	५००	
४	शेष पछिको बकस पत्र	५००	
५	अशं बण्डा	२००	
६	नाता प्रमाणित नेपालीमा	२००	
७	नाता प्रमाणित अंग्रेजीमा	५००	
८	पक्की बाटोले छोएको ४ किल्ला प्रमाणीत	५००	
९	कच्ची बाटोले छोएको ४ किल्ला प्रमाणीत	३००	

१०	बाटोले नछोएको ४ किल्ला प्रमाणित	२००	
११	कच्ची घर कायम	२००	
१२	पक्की घर कायम	१०००	
१३	स्थायी बसोबास	२००	
१४	अस्थायी बसोबास	२००	
१६	टेलिफोन सिफारिस	५००	
१७	संघ संस्था दर्ता सिफारिस	१०००	
२०	नागरिकता सिफारिस	२००	
२१	नागरिकता प्रतिलिपि सिफारिस	२५०	
२२	छुट जग्गा प्रमाणित सिफारिस	२००	
२३	व्यवसायको लगत कट्टा सिफारिस	५००	
२४	मोठ श्रेस्ता सिफारिस	३००	
२५	उद्योग नामसारी तथा ठाउँसारी सिफारिस	५००	
२६	व्यवसाय नामसारी तथा ठाउँसारी सिफारिस	५००	
२७	पेन्सन नामसारी स्वदेश	५००	
२८	पेन्सन नामसारी विदेश	१०००	
२९	घर जग्गा नामसारी सिफारिस बजार क्षेत्र	८००	
३०	घर जग्गा नामसारी सिफारिस ग्रामिण क्षेत्र	५००	
३१	निजी आधारभुत शिक्षा सिफारिस	१०००	
३२	निजी मा वि सिफारिस	१५००	
३३	निजी क्याम्पस स्तर सिफारिस	२०००	
३४	सामुदायिक आधारभुत शिक्षा सिफारिस	८००	
३५	सामुदायिक मा वि सिफारिस	१२००	
३६	सामुदायिक क्याम्पस स्तर सिफारिस	१५००	
३७	विद्युत सिफारिस उद्योग	१०००	
३८	विद्युत सिफारिस पक्की घर	५००	
३९	विद्युत सिफारिस अन्य घर	३००	

४०	घर जग्गा सम्पत्ति मुल्याङ्कन प्रति हजार	कुल रकममा ०.१ प्रतिशत	
४१	विद्युत अनुमति ५ हर्ज पावर सम्मको	१०००	
४२	विद्युत अनुमति १० हर्ज पावर सम्मको	१५००	
४३	विद्युत अनुमति १५ हर्ज पावर सम्मको	२०००	
४४	व्यवसाय दर्ता	५००	
४५	व्यवसाय नविकरण	२५०	
४६	कृषि पशु लगायत अन्य फर्म दर्ता	३००	
४७	कृषि पशु लगायत अन्य फर्म नविकरण	२००	
४८	टोल विका संस्था दर्ता/नविकरण	४००/२००	
४९	उद्योग दर्ता सिफारिस	१०००	
५०	गाँउपालिका भन्दा बाहिर ढुङ्गा निकासी प्रति घनमिटर	२००	
५१	न्यायिक समिति दस्तुर	२००	निवेदन पेश गर्दा
		१००	प्रति उत्तर पत्र पेश गर्दा
		१०००/१०००	मेलमिलाप दस्तुर दुवै पक्षबाट
		१०	नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको
		५	लिखित कागजातको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको
५२	शैक्षिक सुधार अतिरिक्त शूल्क १ प्रतिशत	पूजीँगत योजनाहरुको कुल लागतमा	
५३	शिक्षा सम्बन्धी	२००	कक्षा ८ को मार्कसिट प्रतिलिपि

		२०००	शिक्षक सरुवा सहमति/अनुमति(मा वि)(आएको १ वर्षभित्र)
		१५००	शिक्षक सरुवा सहमति/अनुमति(आ वि) (आएको १ वर्षभित्र)
५४	सूचिकृत	१००००	निर्माण व्यवसायी
		१०००	अन्य व्यवसायी
नेपाली भाषामा प्रमाणित सिफारिस			
५५	जन्म मिति प्रमाणित	२००	
५६	विवाहित तथा अविवाहित प्रमाणित	२००	
५७	ठेगाना नामथर तथा चालचलन प्रमाणित	२००	
५८	जातजाति सिफारिस	२००	
५९	अन्य सिफारिस	२००	
६०	पञ्जिकरण दस्तुर	२००	
अंग्रेजी भाषामा प्रमाणित सिफारिस			
६१	जन्म मिति प्रमाणित	५००	
६२	विवाहित तथा अविवाहित प्रमाणित	५००	
६३	ठेगाना नामथर तथा चालचलन प्रमाणित	५००	
६४	अन्य सिफारिस	५००	
अन्य कर			
६५	सर्जमिन मुचुल्का	५००	
६६	हल भाडा दस्तुर	१०००	
६७	मेशिनरी सामग्री दस्तुर	५००	
६८	पशुपंक्षि उपचार गरेवापत	२०	

अनुसूची १०

(दफा ११ सँग सम्बन्धीत)

जडिबुटी, कवाडी र जिवजन्तु कर

निकासी पुर्जी दस्तुर			
क्र.सं	**विवरण**	**दर**	**कैफियत**
१	भाङ्गो प्रति केजी	२	
२	सिमि/भटमास प्रति केजी	२	
३	अल्लो प्रति केजी	३	
४	आलु प्रति कुइन्टल	५०	
५	स्याउ////////////////// प्रति के.जि.	१	
६	किवि प्रति के.जि.	१	
७	लसुन/प्याज प्रति के.जि.	१	
८	टिमुर प्रति के.जि.	३	
९	ओखर प्रति के.जि.	१	
१०	धनिया प्रति के.जि.	०.५	
११	मकै प्रति के.जि.	०.५	
१२	हेम धागो	२	
१३	कवाडी फलाम वस्तु	२	
१४	कवाडी तामा जन्य वस्तु	५	
१५	खसी/बोका प्रति गोटा	५०	
१६	भेडा/भेडी प्रति गोटा	५०	
१७	भेडाको ऊन प्रति केजी	२	
१८	भैसी/रागो प्रति गोटा	१००	
१९	भैसी/रागो १ देखि २ वर्ष प्रति गोटा	५०	
२०	सुंगुर/बंगुर प्रति गोटा	५०	
२१	गाई गोरू प्रति गोटा	५०	
२२	कुखुरा हाँस चल्ला	१०	
२३	जडिबुटी दस्तुर प्रति के.जि.	५०	पाँचऔले, सतुवा, दर्ता भएका फर्मले उत्पादन गरेको मात्र
२४	जडिबुटी दस्तुर प्रति के.जि.	५	वन आलु, तितेपाती सुगन्धवाल, पाखन्धवेद लगायतका अन्य जडिबुटी

अनुसूची ११

(दफा १२ सँग सम्बन्धीत)

बहाल बिटौरी कर

क्र सं	विवरण	विस्तृत विवरण	दर रु
१	टहरा नबनाई सार्वजनिक जग्गा बहाल	वार्षिक प्रति वर्ग मिटर	५०
२	टहरा बनाई सार्वजनिक जग्गा बहाल	वार्षिक प्रति वर्ग मिटर	१००
३	सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी वा अन्य वस्तु थुपारे वापत	प्रति दिन प्रति ५० वर्ग मिटर	५
४	निर्माण रेखदेख मर्मत संभार खर्च	अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम भाडा दर बमोजिम	

अनुसूची १२
(दफा १३ सँग सम्बन्धीत)
पर्यटन शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ ङ १ को आधारमा लुम्बिनी प्रदेश सरकारले प्रकाशन गरेको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० को अनुसूची ५ मा तोकिए बमोजिम निम्नानुसार मनोरञ्जन कर शुल्क लिने ।

अनुसूची-५

(दफा ७ र दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

पर्यटन व्यवसाय दर्ता शुल्क, नवीकरण शुल्क तथा पर्यटकीय स्थल प्रवेश शुल्क

(१) पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः

(क) पर्यटकस्तरको होटेल, आवास, लज, रेष्टुराँ तथा रिसोर्ट, पव वा वार दर्ता तथा नवीकरण शुल्कः

सि.नं.	होटेलको किसिम	दर्ता शुल्क रू.	नवीकरण शुल्क रू.			
			म्यादभित्र	म्याद नाघेको		
				तीन महिना सम्म थप	छ महिनासम्म थप	एक वर्षसम्म थप
१	साधारण होटेल	५०००।-	५०००।-	नलाग्ने	५०%	१००%
२	पर्यटक आवास (साधारण) वा एक तारे होटेल	१००००।-	१००००।-	नलाग्ने	५०%	१००%
३	दुई तारे होटेल	२००००।-	२००००।-	नलाग्ने	५०%	१००%
४	तीन तारे होटेल	३००००।-	३००००।-	नलाग्ने	५०%	१००%

५	पर्यटक आवास (डिलक्स)	४००००।-	४००००।-	नलाग्ने	५०%	१००%
६	लज, रेष्टुरा तथा रिसोर्ट, पार्टी प्यालेस, पव तथा वार	५०००।-	५०००।-	नलाग्ने	५०%	१००%
७	डान्सवार, मोटल, साउना, ज्याकुजी सेन्टर, जीमक्लव, स्वीमिङ्ग पुल, हेल्थ क्लव, नाइट क्लव	५०००।-	५०००।-	नलाग्ने	५०%	१००%
८	कफिसप	२०००।-	२०००।-	नलाग्ने	५०%	१००%
स्पष्टीकरण: नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रति वर्ष शत प्रतिशतका दरले थप नवीकरण शुल्क लाग्नेछ।						

(ख) एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्कः

सि.नं.	एजेन्सीको किसिम	इजाजत शुल्क रू.	नवीकरण शुल्क रू.			
			म्यादभित्र	म्याद नाघेको		
				तीन महिनासम्म थप	छ महिनासम्म थप	एक वर्षसम्म थप
१	साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी	२५०००।-	२५०००।-	नलाग्ने	५०%	१००%
२	ट्रेकिङ्ग एजेन्सी	२५०००।-	२५०००।-	नलाग्ने	५०%	१००%
३	ट्राभल एजेन्सी	२५०००।-	२५०००।-	नलाग्ने	५०%	१००%
४	पर्यटक यातायात	२५०००।-	२५०००।-	नलाग्ने	५०%	१००%
स्पष्टीकरण: नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रति वर्ष शत प्रतिशतका दरले थप नवीकरण शुल्क लाग्नेछ।						

(ग) साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापका लागि वार्षिक इजाजत शुल्कः

सि.नं.	क्रियाकलाप	वार्षिक इजाजत शुल्क रू.
१	स्कीईङ्ग	२००००।-
२	बञ्जी जम्प	३००००।-
३	जीप फ्लायर	३००००।-
४	क्यानोनिङ	३००००।-
५	क्यानोपि वाकिङ्ग	१५०००।-
६	अन्य साहसिक गतिविधि	४००००।-

स्पष्टीकरण: सि.नं.६ को हकमा साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा पर्यटन डिभिजन कार्यालय वा प्रदेश सरकारको पर्यटन विषय हेर्ने मन्त्रालयले तोकेको निकायले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

(घ) मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः

सि.नं.	कियाकलाप	दर्ता शुल्क रू.	वार्षिक नवीकरण शुल्क रू.
१	केवलकार प्रति डब्बा	७०००।-	३०००।-
२	एम्युज्मेन्ट पार्क वा फन पार्क	२००००।-	४०००।-
३	अन्य पार्क	१५०००।-	३०००।-
४	चिल्ड्रेन पार्क, सर्कस, स्पा, फुटसल, पिकनिक स्पट	१००००।-	३०००।-

(ङ) गाइडको इजाजत तथा नवीकरण शुल्कः

(अ) गाइडको इजाजत शुल्कः

सि.नं.	किसिम	शुल्क रू.
१	रिभर गाईड	२०००।-
२	पथ प्रदर्शक/ट्रेकिङ्ग गाईड	२०००।-
३	ट्रेकिङ्ग पोर्टर गाईड	२०००।-
४	अन्य गाईड	२०००।-

६८

(आ) गाइडको इजाजत पत्र नवीकरण शुल्कः

सि.नं.	किसिम	नवीकरण शुल्क रू.
१	इजाजतको म्याद समाप्त हुनु अगावै	२०००।-
२	म्याद समाप्त भए पछिको तीन महिनासम्म	२५००।-
३	म्याद समाप्त भए पछिको छ महिनासम्म	३०००।-
४	म्याद समाप्त भए पछिको एक वर्षसम्म र प्रति वर्ष थप	४०००।-

(२) प्रदेश सरकारको स्वामित्वमा रहेका पर्यटकीय स्थलको प्रवेश शुल्कमा प्रति टिकट मूल्यको ५ प्रतिशतका दरले पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

अनुसूची १३

(दफा १४ सँग सम्बन्धीत)

फोहरमैला व्यवस्थापन

क्र सं	विवरण	विस्तृत विवरण	दर रु
१	होटल व्यवसाय	मासिक	७५
२	पसल	मासिक	५०
३	घर	मासिक	१०

नोटः- तोकिएको स्थानबाहेक जथाभावी फोहर फालेमा कानून बमोजिम थप जरिवाना गर्ने।

अनुसूची १४
(दफा १५ सँग सम्बन्धित)
प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्क

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ च मा उल्लेख गरिएको "ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने" बमोजिम लुम्बिनी प्रदेश सरकारले प्रकाशन गरेको प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० को अनुसूची ५ मा तोकिए बमोजिम निम्नानुसार प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्क लिने।

अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्क

सि.नं.	विवरण	इकाई	दर	
			तराईका जिल्लाहरू	पहाडका जिल्लाहरू
१	ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट	प्रति क्यूब फिट	रू.८।-	रू.६।-
२	भस्कट	प्रति क्यूब फिट	रू.४।-	रू.३।-
३	माटो साधारण (निजी जग्गाको समेत)	प्रति क्यूब फिट	रू.३।-	रू.२।-
४	इटा पार्ने माटो (निजी जग्गाको समेत)	प्रति क्यूब फिट	रू ४।-	रू.३।-
५	दहत्तर बहत्तर	प्रति के.जी.	रू.२।-	रू.१।-

(क) यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भए तापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका भू-भागबाट पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको बिक्री गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेटका आधारमा गर्नुपर्नेछ।

(ख) यस अनुसूची बमोजिमका प्राकृतिक स्रोत (स्वीकृत खानीक्षेत्र बाहेक) कुनै व्यक्तिको निजी स्वामित्वको जग्गाबाट बिक्री गर्दा जग्गा धनीले नै बिक्री गर्ने परिमाण यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ। त्यस उपर सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी बार्षिक वा आवधिक रूपमा एकमुष्ट शुल्क लिने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) सार्वजनिक जग्गा वा स्थान र स्वीकृत खानी क्षेत्र बाहेक निजी स्वामित्वमा रहेको जग्गाको प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्दा साँध सीमानामा पर्ने जग्गाधनीको लिखित स्वीकृति हुनुपर्नेछ। त्यस्ता प्राकृतिक स्रोत उत्खननबाट प्राकृतिक स्रोतको दुरूपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतका संरचना, सडक, कुलो, नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर पर्नेगरी गर्न पाइनेछैन।

(घ) प्रदेशभित्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै निकायको ठेक्का प्राप्त गरी त्यस्तो ठेक्का अनुसार पूर्वाधार निर्माण तथा मर्मत सम्भार लगायतका कार्य गर्दा आयोजना स्थलबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट लगायतका प्राकृतिक स्रोतको हकमा आयोजनाको ठेक्का सम्झौता वा स्थानीय तहसँगको सम्झौतामा उल्लेख भएकोमा सोहि बमोजिम हुनेछ। तर, त्यस्तो ठेक्का सम्झौतामा उल्लेख नभएको वा सम्झौता नभएको हकमा सम्बन्धित स्थानीय तहले यस ऐन बमोजिम आयोजना स्थलबाट प्राप्त प्राकृतिक स्रोतको बिक्री गरी प्राप्त हुने शुल्क स्थानीय तहको विभाज्य कोषमा दाखिला गरी यस ऐन बमोजिम बाँडफाँट गर्नुपर्नेछ।

७१